नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७७/७८
चलानी नम्बर:-

मिति:- २०७८/०१/२०

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अत्यन्त जरूरी सूचना ।

कोभिड-१९ को दोस्रो लहरको संक्रमण यस जिल्लामा तीव्ररूपमा फैलिइरहेको सन्दर्भमा संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि हेटौडा उपमहानगरपालिका, थाहा नगरपालिका र भिमफेदी गाउँपालिकाको सम्पूर्ण क्षेत्र र मनहरी गाउँपालिकाको पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) को दाँया/बाँया ५००/५०० मिटरको क्षेत्रमा मिति २०७८-०१-१९ गते राती १२:०० बजेदेखि मिति २०७८-०१-३१ गते राती १२:०० बजेसम्म निषेधाज्ञा आदेश जारी भइसकेको अवस्था छ ।

यस संकटको समयमा मौकाको फाइदा उठाई बजारमा कृत्रिम अभाव सृजना गरेको, जम्माखोरी कालोबजारी गरेको, अनावश्यक मूल्यवृद्धि गरेको जस्ता जनगुनासो प्राप्त हुन आएकोले अनुगमनका क्रममा कुनै व्यक्ति/समूह/व्यापारीहरूबाट उपभोक्ता हित विपरितका कुनै पनि कार्य भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुने व्यहोरा जानकारी गराइन्छ । साथै, यस सम्बन्धी कुनै गुनासो/उजुरी/जानकारी भएमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरको आधिकारिक ईमेल ठेगाना daomakawanpur@moha.gov.np, daomakawanpur@gmail.com वा फेसबुक पेज https://www.facebook.com/daomakawanpur वा सहायक प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं. ९८४९३५६८५८ मा प्रमाणसहित उजुरी एवं जानकारी गराई दिन हुन समेत अनुरोध छ ।

०७८ १ २०

चिरञ्जीवी शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी